नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
प्रेस-विज्ञप्ति

१. कार्वन उत्सर्जन न्यूनीकरण दस्तावेज स्वीकृत सम्बन्धमा

नेपाल सरकार वन तथा वातावरण मन्त्रालयबाट तराइका १३ जिल्लाका लगि तयार गरिएको कार्बन उत्सर्जन न्यूनीकरण दस्ताबेजलाई विश्व बैंक अन्तर्गतको कार्बन कोषको यही आषाढ ६ देखि ८ गते सम्म फ्रान्सको पेरिसमा बसेको बैठकले स्वीकृत गरेको छ । यो स्वीकृति संगै नेपालले बिगत १० वर्ष देखि वन क्षेत्रबाट गरिने कार्बन ब्यापारको कार्यक्रम रेड प्लसको तयारी चरण सम्पन्न भएको छ । यसपछि रेड प्लसको कार्यन्वयन र व्यापार चरण शुरु हुनेछ ।

यस दस्ताबेज अनुसार कार्यन्वयन चरणमा आगामी दश बर्षमा रौतहटदेखि कंचनपुर सम्मका तराई भूपरिधिका १३ जिल्लामा ३ लाख ३६ हजार हेक्टर सामुदायिक तथा साझेदारी वनको दिगो एवम् वैज्ञानिक व्यवस्थापन तथा शासकीय सुधार गरिने, झन्डै २ लाख हेक्टर राष्ट्रिय वनलाई सामुदायिक तथा साझेदारी वनमा हस्तान्तरण गर्ने, १० हजार हेक्टर बिपन्नमुखी कबुलियती वन हस्तान्तरण गर्ने, ३० हजार हेक्टर भन्दा बढी नयाँ निजी वन लगाउन प्रोत्साहन गर्ने, झन्डै १ लाख वायोग्यास तथा सुधारिएको चुलो वितरण गर्ने, एकीकृत भूउपयोग योजना अनुसार मात्र वनको जग्गा उपयोग गर्ने र उक्त भूपरिधिमा हाल रहेका ६ वटा संरक्षित क्षेत्रहरुको दिगो व्यवस्थापनबाट जैविक बिबिधताको संरक्षण गर्ने कार्यक्रम राखिएको छ । यी सातवटा कार्यक्रम संचालन गर्दा तराई भूपरिधिका वनमा दश बर्षमा झन्डै ३ करोड ४० लाख मेट्रिक टन थप कार्बन संचिति हुने अनुमान गरिएको छ । त्यसमध्ये आगामी ७ बर्षमा संचित हुने करिब १ करोड मेट्रिक टन कार्बन विश्व बैंकसँग प्रति मेट्रिक टन ५ डलरका हिसाबले ब्यापारमा लैजाने योजना रहेको छ ।

कार्बन संचितिबाट गरिने व्यापार संगै माथि उल्लिखित ७ वटा कार्यक्रमबाट काठको उत्पादन उल्लेख्य रुपमा वृद्धि हुने, झन्डै १० हजारको हाराहारीमा पूर्ण रोजगारी सिर्जना हुने, समुदायमा आधारित वनका साथै वन क्षेत्रको समग्र साशकीय सुधारमा टेवा पुग्ने, जैविक बिबिधता संरक्षणमा टेवा पुग्ने र नेपालले संयुक्त राष्ट्र संघीय जलवायु प्रारूप महासन्धिमा स्वेच्छिक रुपमा घोषणा गरेको हरित गृह ग्यास उत्सर्जन कटौतीको लक्ष प्राप्त गर्न सघाउ पुग्ने अपेक्षा गरिएको छ । साथै वन व्यवस्थापनमा महिला, आदिवासी जनजाति, मधेसी, दलित, अन्य वन्चितिमा परेका समुदाय र निजि क्षेत्रको उल्लेख्य सहभागिता रहने र वन व्यबस्थापन र कार्बन व्यापारबाट प्राप्त हुने लाभमा समन्यायिक पहुँच पुग्ने प्रतिबद्धता समेत गरिएको छ ।

२. माननीय वन तथा वातावरण मन्त्री श्री शक्ति बहादुर बस्नेतज्यूको हालै सम्पन्न जनवादी गणतन्त्र चीनको भ्रमण र उपलब्धिहरु

माननीय वन तथा वातावरण मन्त्री श्री शक्ति बहादुर बस्नेतज्यूको हालै जनवादी गणतन्त्र चीनको भ्रमण (जुन २४ देखि २८, २०१८ सम्म) सम्पन्न भयो । उक्त भ्रमणका प्रमुख उपलब्धीहरु निम्न बुँदाहरूमा संक्षिप्त रुपमा उल्लेख गरिएकोछः-

क) INBAR (International Network for Bamboo and Rattan) को प्रथम मन्त्रिस्तरीय सम्मेलनमा सहभागिता र Bamboo Winding Composite Technology को प्रयोग र अभ्यासमा South South Cooperation को भूमिका सम्बन्धमा सम्बोधन

- सान्दर्भिक नीति निर्माण तथा उपयुक्त मापदण्डको तर्जुमा गर्नुपर्ने विषय उपर जोड
- अध्ययन-अनुसन्धान, उत्पादन र प्रशोधन प्रकृयाका निमित्त एकीकृत योजना तर्जुमामा जोड
- चीनले हासिल गरेको नवीनतम प्रविधिको सदस्य राष्ट्रहरुमा प्रसार
- South South Cooperation Fund-SSCF, को प्रयोग वृहत वृक्षारोपण, कृषि वन प्रणालीको प्रसार, क्षमता अभिवृद्धिका लागि व्यवसायिक तालिम केन्द्र (Vocational Training Center)को स्थापनामा प्रयोग हुनुपर्नेमा जोड
- हरित अर्थतन्त्र निर्माण (Green Economic Growth) मा जोड
- मूल्य अभिवृद्धिमा जोड

यी साथि उल्लेखित बुँदाहरु/कार्यक्रम कार्यान्वयनमा नेपाल सरकारको दृढ समर्थन रहेको विषयमा स्पष्टोक्ति समेत भएको ।

(ख) MoU सम्पन्न

- नेपाल सरकार मन्त्रिपरिषद्को २०७३/०३/२६ को निर्यण अनुसार माननीय मन्त्रीज्यू र चीनको National Forestry and Grassland Administration वीच नेपालले २ जोडी एक सिंगे गैँडा चीनलाई उपाहार दिने सम्बन्धमा जुन २५, २०१८ मा MoU सम्पन्न भएको ।
- चीनको Bamboo Winding Composite Technology नेपालमा भित्र्याउन अर्थात् प्रसारको लागि चीनको National Forest Products Industry Association र नेपालको वन अनुसन्धान तथा सर्वेक्षण विभागवीच माननीय मन्त्रीज्यूको समुपस्थितिमा जुन २६, २०१८ मा MoU सम्पन्न ।

नेपालको रेडप्लसको तयारी कार्यमा बिगत दश वर्षदेखि विभिन्न तरहले सहयोग गर्नुहुने सरकारी, गैरसरकारी, समुदायिक तथा निजी क्षेत्रका सस्था तथा पदाधिकारीहरू, दात्री निकाय, विकाश तथा संरक्षण साझेदारहरु र संचार जगत सबैमा वन तथा वातावरण मन्त्रालय धन्यवाद दिन चाहन्छ । साथै वन तथा वातावरण मन्त्रालयका विभिन्न कार्यक्रमहरु कार्यान्वयन सहयोग पुर्याउनु हुने सम्पूर्ण आम नागरिक, सरोकारवाला, संचारजगत सबैमा समेत यस मन्त्रालय हार्दिक धन्यवाद दिन चाहान्छ ।

धनञ्जय पौडेल
सह-सचिव
(प्रवक्ता)
वन तथा वातावरण मन्त्रालय

असार १८, २०७५ (जुलाई २, २०१८) सोमबार